☎ ०८२-५४००५०
☎ ०८२-५४०८५०

# लमही नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
लमही, दाङ
लुम्बिनी प्रदेश, नेपाल

प.सं. :२०८०/०८१ मिति:२०८०/१२/०८
च.नं. :

## सिलबन्दी दरभाउ पत्र (कोटेशन) पेश गर्ने सम्बन्धी सूचना ।
## प्रथम पटक प्रकाशित मिति: २०८०/१२/०९

यस लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही दाङ अन्तर्गत संचालित नागरिक आरोग्य केन्द्रको आ.व. २०८०/०८१ मा आवश्यक पर्ने तपसिल बमोजिमको आयुर्वेदिक औषधीहरु सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ १(क) बमोजिम खरिद गर्नुपर्ने भएकोले इच्छुक दर्तावाला आयुर्वेदिक औषधी व्यावसायिहरुबाट आपुर्ति कार्यका लागि सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र सिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. दररेट पेश गर्ने संस्थाले अनिवार्य रुपमा दरभाउ पत्र पेश गर्ने व्यहोरा सम्बन्धको लिखित निवेदन सहित नवीकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, नविकरण भएको व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि, भ्याट/पान दर्ता प्रमाणपत्रको प्रतिलिपि र आ.ब. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र को प्रतिलिपि संलग्न गरि मिति: २०८०/१२/१५ गतेका दिन कार्यालयमा पेश गर्नुपर्ने छ ।
२. BOQ यस कार्यालयको वेबसाइट **www.lamahimun.gov.np** बाट डाउनलोड गरी वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ । दरभाउपत्र दाताले दरभाउपत्र र तोकिए बमोजिम धरौटी रकम यस कार्यालयको नाममा रहेको रा.बा. बैक लमही दाङ धरौटी खाता नं. ४२९०१००३०३००००२ मा जम्मा गरेको बैंक भौचर वा सो बराबरको खोलिने अन्तिम मितिले ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी सिलबन्दी दरभाउपत्र (कोटेशन) साथ पेस गर्नुपर्ने छ ।
३. BOQ मा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरि लेखेर पेश गर्नु पर्ने छ। केरमेट भएको दररेट (BOQ) मा हस्ताक्षर हुनु पर्ने छ ।
४. म्याद नाघी आएको, रित नपुगेको वा कुनै शर्त राखी पेश गरेको फाराम मान्य हुने छैन।
५. मिति:२०८०/१२/१५ गते दिनको १२:०० बजे भित्र कार्यालयमा दर्ता गरिसक्नु पर्ने छ । प्राप्त भई दर्ता भएका शिलबन्दी दरभाउ पत्र सोही दिनको २:०० बजे दरभाउ पत्र दाताहरुको रोहवरमा

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

खोलिने छ । तर दरभाउ पत्र दाताहरुको उपस्थिति नभएमा पनि उक्त दरभाउ पत्र खोल्नमा कुनै बाधा पर्ने छैन ।

६. औषधीहरु तोकिएको स्पेसिफिकेशन अनुसारको परिमाणमा गुणस्तर युक्त र नेपाल सरकारबाट मान्यता प्राप्त औषधीहरु आपूर्ति गर्नु पर्ने छ ।

७. औषधीको म्याद नाघ्ने समयको हकमा पूर्ण म्यादको कम्तीमा पनि ७५ प्रतिशत म्याद बाँकि हुनु पर्नेछ ।

८. टुटफुट तथा प्राविधिक समस्या भएका आयुर्वेदिक औषधी बुझिलिइने छैन।

९. .सप्लाई हुने आयुर्वेदिक औषधी को प्रत्येक प्याकिङ्गमा प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर अनिवार्य उल्लेख भएको हुनुपर्नेछ।

१०.दरभाउ पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुल्ने दिनको १२:०० बजे सम्म दररेट पेश गर्नु पर्ने छ । सोही दिनको दिनको २:०० बजे दरभाउ पत्र खोलिनेछ ।

११.दरभाउपत्र प्याकेज अनुसार मूल्यांकन गरिनेछ । दरभाउपत्र स्वीकार गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने सम्पूर्ण अधिकार कार्यालयमा निहित रहनेछ ।

१२.सार्वजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार दरभाउ पत्र दाताले खरिद कारबाहीमा भाग लिन अयोग्य नभए आफ्नो स्वार्थ नबाझिएको पेसा वा व्यवसाय सम्बन्धी कसुरमा आफुले सजाय नपाएको भनि लिखित रुपमा सो घोषणा गरेको पेश गर्नु पर्ने छ ।

१३.माथि उल्लेखित बाहेक अन्य शर्तहरु प्रचलित ऐन कानुन बमोजिम हुनेछ ।

| क्र.सं. | विवरण | लागत अनुमान (मु.अ.क.बाहेक) | दररेट पेश गर्ने अन्तिम मिति र समय | धरौटी रकम रु |
|---|---|---|---|---|
| १. | आयुर्वेदिक औषधी खरिद जि.को.१।०८०।०८१ | ४,३९,९२९।- | २०८०/१२/१५ गते १२:०० बजे भित्र | १३२००।- |

लमही नगरपालिका नगर कार्यपालिकाको कार्यालय लमही, दाङ लुम्बिनी प्रदेश, नेपाल

............१/१२/८.......
प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner